६२६

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण १२ गते २०१० साल

भाग ६

## स्थानीय स्वायत्तशासन—मन्त्रालयको

### विज्ञप्ति

काठमाडौं नगरपालिकाको सदस्यहरूको चुनाव २०१० साल आषाढ १२ गते गर्ने निश्चय गरी अघि सूचनासमेत गरिसकेकोमा २ महिना स्थगित गरी पाऊँ भनी धेरैजसो राजनीतिक तथा सामाजिक संघहरूको अनुरोधबाट २०१० साल श्रावण २५ गतेसम्म स्थगित गरी यस मन्त्रालयबाट विज्ञप्ति प्रकाशित भएको थियो। अब उक्त नगरपालिकाको चुनाव यही २०१० साल भाद्र १७ गते गर्ने भएकोले उक्त चुनावको कार्यक्रमसमेत राखी यो सूचना प्रकाशित गरिएको छ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२३०

६२४

# कार्यक्रम

१. चुनावमा खडा हुन चाहने उमेदवारहरूले दरखास्त दिने म्याद—१० साल श्रावण २६ गतेदेखि २८ गतेसम्म ।

२. उमेदवारहरूको दरखास्त जाँची उमेदवारमा खडा हुन दिने इजाजतपत्र दिने—१० साल श्रावण ३१ गते ।

३. उमेदवारहरूले दरखास्त फिर्ता लिने मिति—श्रावण ३२ गतेदेखि भाद्र २ गतेसम्म ।

४. उमेदवारहरूको अन्तिम नामावली प्रकाशन—भाद्र ३ गते ।

५. चुनावको दिन र समय—भाद्र १७ गते बेहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म।

६. भोटगिन्ति-मिति—भाद्र १८ गते ।

७. निर्वाचित सदस्यहरूको नामावली प्रकाशन--मिति—भाद्र २२ गते ।

आज्ञाले—

टंकप्रसाद अधिकारी.

सेक्रेटरी, स्वायत्त--शासनमन्त्रालय.

६२४

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।